निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।१६

काठमाडौं, १६ वैशाख । निर्वाचन आयोगले दुई चरणमा हुने स्थानीय तह निर्वाचनको बीचमा सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रस्तुत गर्ने कार्य निर्वाचन आचार संहिता अनुकूल नहुने भएकाले नेपाल सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा शनिवार बसेको आयोगको वैठकले सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटका सम्बन्धमा यो निर्णय गरेको हो ।

आयोगको निर्णयमा भनिएको छ- "एक महिनाको अन्तरालमा हुने दुई चरणका निर्वाचनकाबीच सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रस्तुत गर्ने कार्य निर्वाचन आचार संहिता अनुकूल नहुने भएकाले सरकारले प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेटले दोस्रो चरणको निर्वाचनलाई प्रभावित पार्न सक्ने देखिएको हुँदा सो सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।"

नेपाल सरकारको निर्णय अनुसार, यही वैशाख ३१ गते पहिलो र जेठ ३१ गते दोस्रो चरणको निर्वाचनको मिति घोषणा भई निर्वाचनका कार्यक्रमहरू समेत सार्वजनिक भइसकेका छन्। आयोगले २०७३ फागुन १८ गते देखि लागू हुने गरी स्थानीय तह निर्वाचन आचार संहिता लागू गरेको र सो आचार संहिता दोस्रो चरणको निर्वाचन अवधिभर समेत यथावत कायम रहने हुँदा दुवै निर्वाचनको बीचमा सरकारबाट नीति तथा कार्यक्रम र बजेट ल्याउँदा निर्वाचन आचार संहिता अनुकूल नहुने आयोगको निर्णय छ ।

सूर्यप्रसाद शर्मा

सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"